मिति : २०७६/१०/२८ गते

वैठक संख्या :३०

आज मिति २०७६/१०/२८ गतेका दिन यस उत्तरगया गाउँकार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री उपेन्द्र लम्साल ज्युको अध्यक्षतामा बैठक तपशिलका कार्यपालिकाका सदस्यहरुको उपस्थितीमा बसी तपशिलका प्रस्ताव उपर छलफल तथा निर्णयहरु सर्वसम्मतीबाट पारित गरियो ।

**उपस्थिती**

| | |
|---|---|
| उपेन्द्र लम्साल | अध्यक्ष |
| चमेली गुरुङ | उपाध्यक्ष |
| बम बहादुर तमाङ | वडा अध्यक्ष |
| खुवा बहादुर गुरुङ | वडा अध्यक्ष |
| लाल बहादुर तमाङ लामा | वडा अध्यक्ष |
| केशर बहादुर वुलुन | वडा अध्यक्ष |
| इश्वर बहादुर थापा | वडा अध्यक्ष |
| शान्ता गलान | सदस्य |
| कृष्ण कुमारी नेपाली | सदस्य |
| सिता भट्ट | सदस्य |
| विन्दा रैला | सदस्य |
| ज्ञानु विक | सदस्य |
| तिर्थ बहादुर घले | सदस्य |
| अर्जुन खड्का | सदस्य सचिव |

**प्रस्तावहरु**

प्रस्ताव नं. १ सभाको वैठक भत्ता सम्बन्धमा ।

प्रस्ताव नं. २ पर्यटक व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. ३ सास्कृतीक कार्यक्रम प्रर्बधन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ४ वालुवा लिलाम बढाबढ सम्बन्धमा ।

प्रस्ताव नं. ५ तिरु एकिकृत बस्ती र वोगटीटार एकिकृत बस्ती सम्बन्धमा ।

प्रस्ताव नं. ६ डि.पि.आर. तयार गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ७ कार्यविधी र विधेयक सभामा पेश गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ८ विनियोजन खर्च उपर छलफल गरी खर्च शंसोधन सभामा पेश गर्ने सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १** प्रस्ताव नं. १ माथी छलफल गर्दा सबै जनप्रतिनिधी र कर्मचारीहरुलाई गाउँ सभा वैठक भत्ता रु १,०००/(अक्षरुपी एक हजार) नियमानुसार कर कट्टी गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २** प्रस्ताव नं. २ माथी छलफल गर्दा रसुवा नुवाकोट पर्यटन समाजको च.न. ५६१ मिति २०७६/१०/१४ को पत्रको सन्दर्भमा उक्त कार्यक्रमका उपस्थित हुने पाउनाहरुको सास्कृतिक कार्यक्रम सहित स्वागतम गर्ने र खाना, खाजा तथा आवासको व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** प्रस्ताव नं. ३ उपर छलफल गर्दा धामी झाकी संघको केन्द्रीय सम्मेलन काठमाण्डौमा मिति २०७६/११/०३ देखी २०७६/११/०६ गते सम्म संचालन हुने भएकाले उक्त कार्यक्रममा यस गा.पा.को तर्फबाट सहभागी भई सास्कृतिक कार्यक्रम प्रवधर्न गर्न यस गा.पा. भित्रको सबै वडालाई समेट्ने गरी फिकुरी झाक्री समीति, उत्तरगयाको सिफारीशमा खाना, खाजा, यातायात खर्च वापत विल भर्पाइ अनुसार एक मुष्ठ बढीमा रु ६०,०००/ (साठी हजार) सम्म धर्म संस्कृति संरक्षण शिर्षकबाट झाक्री समिति उत्तरगयालाई उपलबध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४** प्रस्ताव नं. ४ माथि छलफल गर्दा प्रदेश सरकारबाट खोलाबाट उत्खनन गर्न प्रती क्यु फि. रु ९ का दर उल्लेख भएकोमा यस गा.पा. बाट प्रति क्यु फि. रु. ९ / र निकासी वापत रु. ६ गरी जम्मा १५ रुपैंया मा यस गा.पा. को वडा नं. १ र २ को विभिन्न ठाउँमा त्रिशुली नदी किनारबाट अनाधिकृत रुपमा उत्खन्न गरी जम्मा गरीएको २,०५,३४६.७३ घन फिट वालुवा लिलाम वढावढा गर्न प्रथम पटक सूचना प्रकाशन गरी पुनः मिति २०७६/०८/२९ मा दोस्रो पटक सूचना प्रकाशीत गर्दा समेत कसैबाट लिलाम बढाबढ वोलपत्र सकार नगरेको साथै उक्त वालुवा हानीनोक्सानी तथा चोरी समेत हुने सम्भावनालाई मध्यनजर गरी उक्त वालुवा २,०५,३४६.७३ घनफिट जे जस्तो अवस्थामा छ सोही अवस्थामा प्रति घनफिट रु ९ (नौ)मात्र तोकी (निकासी वापतको कर नलिई) सो मुल्यमा ७ दिनको सूचना प्रकाशन गरी बढी मुल्य सकार गर्ने व्यक्ति, फर्म वा कम्पनी सँग सम्झौता गरी एक मुष्ठ रकम भुक्तानी भए पश्चात उक्त वालुवा निकासी गर्न इजाजत दिने निर्णय गरीयो ।

**निर्णय नं. ५** प्रस्ताव नं. ५ माथी छलफल गर्दा उत्तरगया गाउँपालिका अर्न्तगत तिरु एकिकृत बस्ती र वोगटीटार एकिकृत बस्तीको डि.पि.आर स्विकृत गर्ने निर्णय गरियो साथै तिरु एकिकृत बस्ती र वोगटीटार एकिकृत बस्तीको पूर्वाधार विकासको काम स्थानीय लाभग्राही उपभोक्ता समिती मार्फत अगाडी बढाउन पुननिर्माण प्राधिकिरणलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** प्रस्ताव नं. ६ माथी छलफल गर्दा उत्तरगया गाउँपालिका वडा नं. २ चिप्ले ढुगा महादेव पार्वती गुफा श्री देवी मन्दिर भ्यु टावर डि. पि. आर. तयार गर्ने, पूजिँगत अनुसन्धान तथा परामर्शबाट तीन लाख खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७** प्रस्ताव नं ७ तपशिलका कार्यविधी र विधेयक सभामा पेश गर्ने निर्णय गरियो ।

- लैङ्गीक समानता तथा सामाजिक समावेशिकरण परीक्षण कार्यविधी, २०७६
- उत्तरगया गाउँपालिका सुशासन नीति,२०७६
- व्यवसाय दर्ता तथा नविकरण कार्यविधी,२०७६
- उत्तरगया गाउँपालिकाको स्थानीय शिक्षा विधेयक,२०७६
- उत्तरगया गाउँपालिकाको स्थानीय स्वास्थ्य तथा सरसफाई विधेयक,२०७६
- न्यायीक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधीका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
- उत्तरगया गाउँपालिकाको पुर्वाधार विकास व्यवस्थापन सम्बन्धी विधेयक,२०७६
- उत्तरगया गाउँपालिकाको सहकारी विधेयक , २०७६
- उत्तरगया गाउँपालिकाको तथ्याङ्क तथा व्यवस्थापन विधेयक, २०७६
- उत्तरगया गाउँपालिकाको संस्था दर्ता विधेयक, २०७६
- उत्तरगया गाउँपालिकाको आर्थिक अनुशासन तथा आन्तरिक लेखापरिक्षण गर्ने कार्यविधी(नियमित गर्ने) ऐन, २०७६
- व्यवसाय कर सम्बन्धी कार्यविधी,२०७६

**निर्णय नं. ८** प्रस्ताव नं. ८ उपर छलफल गर्दा आ.व. २०७६/०७७ को विनियोजन खर्च उपर छलफल गरी खर्च शंसोधन तथा परिमार्जन गरी सभामा प्रस्ताव पेश गर्ने साथै अल्या (संचित) तर्फ रहको रकम पुर्व वजेट तर्जुमा गरी खर्च भएको /नभएको वजेट शिर्षकहरु अनुमोदन गर्न गाउँसभाको वैठकमा पेश गर्ने निर्णय गरियो ।